# किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१

**किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधी ,२०८१**

**प्रथम संशोधन** २०८२-०२-२४

**पृष्ठभुमी**

प्यूठान नगरपालिका समग्र जिल्लाकै सबै भन्दा राम्रो कृषि योग्य र उर्बर भुमि रहेको क्षेत्र मध्ये एक हो । यस प्यूठान नगरपालिका क्षेत्र भित्र कृषिकर्मको लागी सुहाउदो हावा पानी, उपयुक्त साथै प्रयाप्त जग्गा, सिंचाइ सुबिधा भएतापनि कृषि क्षेत्रमा आफ्नो भविष्यको स्थायित्व नदेखी कृषकहरु बिदेश पलायन हुने वा अन्य रोजगारिको क्षेत्रमा आवद्धहुने क्रम बढ्दो रहेको छ ।यस अवस्थामा नगरपालिकाले किसान पेन्सन कार्यक्रम मार्फत लामो समय सम्म कृषि पेशा अंगालेका तथा हालै कृषि पेशामा आवद्द भएका कृषकहरुलाई सामाजिक सुरक्षा कोष संग जोडी कृषि पेशा मर्यादित, सम्मानित र स्थायित्व सहितको दिगो पेशाको रुपमा विकास गरी प्यूठान नगरपालिका क्षेत्र भित्रका कृषकहरुको आर्थिक तथा सामाजिक विकास गर्ने उद्धेश्यले किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधी ,२०८१ तयार गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संम्क्षित नाम र प्रारम्भ:**

क. यो कार्यविधीको नाम "**किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१**" रहने छ ।

ख. यो कार्यविधी प्यूठान नगर कार्यपालिका बाट स्वीकृत भएको मिति देखि प्यूठान नगरपालिका भर लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क. "**किसान पेन्शन**" भन्नाले निश्चित मापदण्ड पुरा गरेका व्यवसायिक किसानलाई मासिक रुपमा दिईने रकम भन्ने बुझ्नुपर्छ ।

ख. "**किसान**" भन्नाले बिगत ५ वर्ष देखि निरन्तर रुपमा कृषि पेशालाई मुख्य पेशाका रुपमा अपनाई व्यवसायिक कृषिमा संलग्न प्यूठान नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिक भन्ने बुझ्नुपर्छ ।

ग. "**समिति**" भन्नाले यसै कार्यविधी बमोजिम गठन भएको किसान पेन्सन कार्यक्रम कार्यान्वयन समितिलाई जनाउने छ ।

**३. उद्धेश्य:** यस कार्यविधीका उद्धेश्य देहाय बमोजिम रहेको छ ।

क. कृषि पेशालाई मर्यादित र दिगो पेशाको रुपमा विकास गर्दै युवालाई कृषिमा आवद्द हुन उत्प्रेरित गर्ने।

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।

ख. किसानहरुको आर्थिक तथा सामाजिक रुपमा संरक्षण गर्ने ।

## परिच्छेद -२

४. किसान  पेन्सनका लागि किसान छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क. आफ्नै वा जमिन भाडामा लिएर न्यूनतम  ५ रोपनी जमिनमा व्यवसायिक तरकारी खेती वा फूल खेती गरेको ।

ख. आफ्नो वा जमिन भाडामा लिएर न्यूनतम ३ रोपनीमा खाद्यान्न तथा तरकारीको वीउ उत्पादन गरेको वा फलफूल नर्सरी स्थापना गरेको ।

ग. मेवा/ केरा /भुइकटहर लगाएतका साना फलफूलको हकमा ५ रोपनीमा बगैचा स्थापना गरेको वा अन्य फलफूलको हकमा १० रोपनीमा बगैचाकारुपमा खेती गरेको ।

घ. कम्तिमा ५० भेडा वा बाख्रा व्यवसायीक रुपमा पालेको ।

ङ. कम्तिमा ५ वटा दुध दुहुने उन्नत जातका गाई वा भैंसी पालेको ।

च कम्तिमा ५०० वटा लेयर्स तथा ब्रोईलर कुखुरा वा २५० वटा लोकल कुखुरा नियमित रुपमा पालेको ।

छ. कम्तिमा १० वटा माउ बंगुर पालेको ।

ज. कृषि व्यवसायलाई मुख्य पेशाका रुपमा अपनाई निरन्तर ५ वर्ष देखि कृषि पेशामा संलग्न भएको हुनुपर्ने वा अव देखि निरन्तर रुपमा कृषि पेशामा संलग्न भइरहने किसान ।

झ. नेपालको प्रचलित कानुन बमोजिम कुनै पनि फौजदारी अभियोग नलागेको लगनशिल ईमान्दार र मेहनती किसान ।

ञ. प्यूठान नगरपालिकामा स्थाई बसोबास गरेको नेपाली नागरिक ।

ट. प्रथम चरणमा फर्म दर्ता गरि कृषि व्यवसाय संचालन गर्दै आएका किसानलाई समाबेश गरिने छ ।

ठ. एकाघर भित्र कुनै पनि सदस्यको  रोजगारी वा अन्य कुनै व्यापार व्यवसाय नभएको हुनु पर्ने ।

ड . आर्थिक रुपले कमजोर कृषकहरुलाई प्राथमिकता दिईने छ ।

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।

**५. किसान र प्यूठान नगरपालिकाबाट किसान पेन्सनमा योगदान**

क.किसान पेन्सन कार्यक्रममा समावेश हुने किसानलाई "**अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९"** परिच्छेद -३ को दफा ५ बमोजिम श्रमिकको न्यूनतम आधारभुत पारिश्रमिकबाट ११ प्रतिशत हुन आउने रकम रु.१,१९० किसानले र प्यूठान नगरपालिकाबाटआधारभुत पारिश्रमिकको ९.३७* प्रतिशत हुन आउने रकम रु.१,०१३* थप गरी कुल २०.३७* प्रतिशत(रकम रु.२२०४*)हुन आउने रकम मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ।

ख.उक्त रकम नगरपालिकाले छनौट भएका किसानहरुलाई अर्को व्यवस्थापन नभएसम्म उपलब्ध गराउने छ। उक्त अवधि भित्र किसान स्वइच्छाले कृषि पेशा त्यागे नगरपालिकाले रकम उपलब्ध गराउन बाध्य हुने छैन।

ग. उपदफा (ख) मा जुनसुकै कुरा लेखिएतापनि यदि कुनै किसान शारिरीक रुपमा अशक्त भई कृषि पेशा गर्न नसकेको अवस्थामा नगरपालिकाले तोकिएको अवधिसम्म ९.३७* प्रतिशत रकम कोषमा जम्मा गरिदिने छ।

## परिक्षेद - ३

**६. किसान पेन्सन कार्यक्रम कार्यान्वयन समिती:**

किसान पेन्सन कार्यक्रम लाई व्यवस्थित तरिकाले संचालन गर्न तथा किसान छनौट गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक किसान पेन्सन कार्यक्रम कार्यान्वयन समिती गठन हुनेछ।

क. नगर प्रमुख – संयोजक

ख. नगर उपप्रमुख – सदस्य

घ. नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत – सदस्य

ग. आर्थिक विकाश समितिको संयोजक – सदस्य

ङ. पशु विकास शाखा प्रमुख – सदस्य

च. कृषि विकास शाखा प्रमुख – सदस्य सचिव

**७. किसान पेन्सन कार्यक्रम कार्यान्वयन समितीको काम कर्तव्य र अधिकारहरु:**

क. किसान पेन्सनका लागि तोकेको मापदण्ड पुरा गरि पेन्सनका लागि योग्य किसानको नामावली स्विकृत गर्ने।
ख. किसान पेन्सनका लागि तोकेको मापदण्ड किसान पेन्सन रकम तथा कार्यविधी संशोधनका लागि प्रस्ताव तयार गरी स्विकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने।

*- प्रथम संशोधनद्वारा सच्चाईएको।

ग. किसान पेन्सन कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

**८. किसान पेन्सन कार्यक्रम संचालन प्रक्रिया:** किसान पेन्सन कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**क. सूचना प्रवाह**: नगरपालिकाले किसान पेन्सन कार्यक्रममा सहभागी हुनका लागि हरेक आर्थिक वर्षमा अनुसूची -१ बमोजिमको सूचना प्रवाह गर्नुपर्नेछ ।

**ख. निवेदन संकलन :** किसान पेन्सन कार्यक्रमा सहभागि हुन चाहने ईच्छुक किसानले अनुसूची २ बमोजिम तोकेको ढाँचामा आवश्यक सम्पुर्ण कागजात सहित अनुसूचि- ४ बमोजिम वडा स्तरीय जनप्रतिनिधि तथा वडा कृषि प्राविधिकको रोहवरमा कम्तिमा ५ जना छिमेकीहरुको सर्जमिन मुचुल्का सहित नगरपालिकाको कृषि शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

**ग. छनौट प्रक्रिया:** किसान पेन्सन कार्यक्रको लागि किसान छनौट प्रक्रिया अघि बढाउदा रित पुर्वक आवश्यक कागजात सहित पेश हुन आएका आवेदनहरु मध्ये दफा ४ बमोजिमको न्यूनतम मापदण्ड पुरा गरेको छ वा छैन भन्ने विषयमा कार्यान्वयन समितिले स्थलगत फिल्ड अनुगमन पश्चात किसान पेन्सन प्राप्त गर्ने न्युनतम मापदण्ड पुगेका किसानहरुको विवरण तयार गरि स्वीकृति गर्नुपर्नेछ ।

## परिक्षेद -४

## विविध

**९. अनुगमन तथा मुल्यांकनको व्यवस्था:** किसान पेन्सन कार्यक्रम कार्यान्वयन समिती तथा कृषि तथा पशु विकास शाखाबाट किसान पेन्सन प्राप्त गर्ने किसानको नियमित रुपमा अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

**१०. कार्वाहीको व्यवस्था:** यदि कुनै पनि किसानले आफ्नो विवरण ढाँटछल गरि तोकेको मापदण्ड विपरीत किसान पेन्सन प्राप्त गरेको रहेछ भने त्यस्तो किसानलाई प्रचलित कानुन बमोजिम किसान पेन्सन बापत प्राप्त गरेको रकम असुलउपर गरिनेछ ।

**११ . कार्यविधी संशोधन तथा परिमार्जन:** प्यूठान नगरपालिका नगरकार्यपालिकाले किसान पेन्सन कार्यक्रम कार्यान्वयन समितीको सिफारिसमा यस कार्यविधीमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।

अनुसूची -१

सूचना प्रकाशन

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बिजुवार प्यूठान

**किसान पेन्सन कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति ...........

उपरोक्त सम्वन्धमा प्यूठान नगरपालिका कृषि शाखाको आ व ........ को बार्षिक स्वीकृत कार्यक्रम किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ अनुसार योग्यता पुगेका किसानहरुलाई आफु किसान पेन्सन प्राप्त गर्न योग्य छु भन्ने लागेमा रित पुर्वक अनुसूचि २ बमोजिमको फारम भरी तपशिल अनुसारका आवश्यक कागजात सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीकालागी यो सूचना प्रकाशन गरिएको छ ।

**<u>कायक्रममा सहभागी हुन चाहिने आवश्यक न्युनतम योग्यता</u>**

क. आफ्नै वा जमिन भाडामा लिएर न्यूनतम ५ रोपनी जमिनमा व्यवसायिक तरकारी खेती वा फूल खेती गरेको।

ख. आफ्नो वा जमिन भाडामा लिएर न्यूनतम ३ रोपनीमा खाद्धान्न तथा तरकारीको वीउ उत्पादन गरेको वा फलफूल नर्सरी स्थापना गरेको।

ग. मेवा/ केरा /भुइकटहर लगाएतका साना फलफूलको हकमा ५ रोपनीमा बगैचा स्थापना गरेको वा अन्य फलफूलको हकमा १० रोपनीमा बगैचाकारुपमा खेती गरेको।

घ. कम्तिमा ५० भेडा वा बाख्रा व्यवसायीक रुपमा पालेको।

ङ. कम्तिमा ५ वटा दुध दुहुने उन्नत जातका गाई वा भैंसी पालेको।

च कम्तिमा ५०० वटा लेयर्स तथा ब्रोईलर कुखुरा वा २५० वटा लोकल कुखुरा नियमित रुपमा पालेको।

छ. कम्तिमा १० वटा माउ बंगुर पालेको।

ज. कृषि व्यवसायलाई मुख्य पेशाका रुपमा अपनाई निरन्तर ५ वर्ष देखि कृषि पेशामा संलग्न भएको हुनुपर्ने वा अव देखि निरन्तर रुपमा कृषि पेशामा संलग्न भइरहने किसान।

झ. नेपालको प्रचलित कानुन बमोजिम कुनै पनि फौजदारी अभियोग नलागेको लगनशिल ईमान्दार र मेहनती किसान।

ञ. प्यूठान नगरपालिकामा स्थाई बसोबास गरेको नेपाली नागरिक।

ट. प्रथम चरणमा फर्म दर्ता गरि कृषि व्यवसाय संचालन गर्दै आएका किसानलाई समाबेश गरिने छ।

ठ. एकाघर भित्र कुनै पनि सदस्यको रोजगारी वा अन्य कुनै व्यापार व्यवसाय नभएको हुनु पर्ने।

*- प्रथम संशोधनद्वारा सच्चाईएको।

ड . आर्थिक रुपले कमजोर कृषकहरुलाई प्राथमिकता दिईने छ ।

आवस्यक कागजातहरु

१. नागरिकताको प्रमाणपत्र

२. अनुसूचि -२ अनुसारको निवेदन

३. अनुसूची -३ बमोजिम फारम

३. सम्बन्धित वडाको सिफारिस

४. अनुसूचि-४  अनुसारको सर्जिमिन मुचुल्का

५. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी

६. कृषि सम्बन्धि कुनै तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी

७ . खेति गरिएको जमिनको लालपुर्जाको प्रतिलिपि / भाडामा भए जग्गा धनिसंग गरिएको सम्झौताको प्रतिलिपि

............................

प्रमुख प्रशासकिय अधिकृत

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।

अनुसूची -२

निवेदनको ढाँचा

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बिजुवार प्यूठान

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

प्यूठान नगरपालिका प्यूठान

विषय : निबेदन पेश गरेको सम्बन्धमा

प्रस्तुत विषयमा यस प्यूठान नगरपालिकाको मिति ...................... को सूचना बमोजिम म प्यूठान नगरपालिका वडा नं ............ को स्थाई निबासी श्री ........................................................... को सूचना बमोजिमका किसान पेन्सन कार्यक्रमको लागि आवश्यक न्युनतम योग्यता पुग्ने भएको हुँदा उक्त कार्यक्रमा सहभागी गराउनु हुन अनुरोध छ।

निवेदक

नाम

ठेगाना

सम्पर्क नं

*- प्रथम संशोधनद्वारा सच्चाईएको।

## अनुसूची ३

किसान पेन्सन कार्यक्रमका लागि प्रश्नावली

**व्यक्तिगत विवरणहरू:**

१ नाम: ____________________

२ उमेर: ____________________

३ ठेगाना (स्थायी): ____________________

४ सम्पर्क नम्बर: ____________________

**कृषि व्यवसायमा संलग्नता**

क ) के तपाईले व्यवसायिक तरकारी वा फूल खेती गर्नुभएको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति रोपनी जमिनमा खेती गर्दै हुनुहुन्छ?
  - ५ रोपनी भन्दा कम
  - ५ रोपनी वा बढी

ख ) के तपाईंले खाद्यान्न तथा तरकारीको बीउ उत्पादन गर्नुहुन्छ वा फलफूल नर्सरी स्थापना गर्नुभएको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति रोपनी जमिनमा बीउ उत्पादन वा नर्सरी स्थापना गर्नुभएको छ?
  - ३ रोपनी भन्दा कम
  - ३ रोपनी वा बढी

ग ) के तपाईंले मेवा, केरा, भुइकटहर, वा साना फलफूलको बगैचा स्थापना गर्नुभएको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति रोपनीमा बगैचा स्थापना गर्नुभएको छ?
  - ५ रोपनी भन्दा कम
  - ५ रोपनी वा बढी

घ) के तपाईंले अन्य फलफूलको बगैचा १० रोपनीमा स्थापना गर्नुभएको छ?

- हो
- होइन

ङ) के तपाईंले व्यवसायिक रूपमा भेडा वा बाख्रा पालेको छ?

- हो
- होइन
- यदि हो भने, तपाईं कति वटा भेडा वा बाख्रा पालेको छ?
  - ५० भन्दा कम
  - ५० वा बढी

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।

च) के तपाईंसँग उन्नत जातका दुध दिने गाई वा भैंसी छन्?

- हो
- होइन
- यदि हो भने, तपाई ंकति वटा गाई वा भैंसी पालेको छ?
    - ५ भन्दा कम
    - ५ वा बढी

छ ) के तपाईंले लेयर्स, ब्रोइलर कुखुरा वा लोकल कुखुरा पालेको छ?

- हो
- होइन
- यदि हो भने, तपाई ंकति वटा कुखुरा पालेको छ?
    - ५०० लेयर्स वा ब्रोइलर
    - २५० लोकल कुखुरा

ज) के तपाईले माउ बंगुर पालेको छ?

- हो
- होइन
- यदि हो भने, कति वटा माउ बंगुर पालेको छ?
    - १० भन्दा कम
    - १० वा बढी

## कृषि पेशामा निरन्तरता:

क) के तपाईंले आफ्नो मुख्य पेशाका रूपमा कृषि व्यवसायलाई अपनाउनुभएको छ?

- हो
- होइन

ख) कृषि पेशामा तपाईँ कति वर्षदेखि संलग्न हुनुहुन्छ?

- १ वर्ष भन्दा कम
- १-५ वर्ष
- ५ वर्ष भन्दा बढी

## कानुनी स्थिति र इमान्दारिता:

क) के तपाईंमाथि नेपालको कुनै फौजदारी अभियोग लागेको छ?

- हो
- होइन

ख) के तपाई ंईमान्दार र मेहनती कृषक हुनुहुन्छ भन्नेमा तपाईंलाई विश्वास छ?

- हो
- होइन

## आर्थिक अवस्था र रोजगारी:

क) तपाईको परिवारमा अन्य सदस्यहरू सरकारी, निजी, वा कुनै व्यापार व्यवसायमा संलग्न छन्?

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।

- हो
- छैन

ख) तपाईको परिवार आर्थिक रूपमा कमजोर छ भन्नेमा तपाई सहमत हुनुहुन्छ?

- हो
- होइन

**फर्म दर्ता र स्थानीयता:**

क) के तपाईले कृषि व्यवसायको लागि फर्म दर्ता गर्नुभएको छ?

- हो
- होइन

ख) के तपाई प्यूठान नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिक हुनुहुन्छ?

- हो
- होइन

**सामाजिक सुरक्षा कोषमा योगदान सम्बन्धि:**

. के तपाई "अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९" परिच्छेद -३ को दफा ५ बमोजिम श्रमिकको न्यूनतम आधारभुत पारिश्रमिकबाट ११ प्रतिशत हुन आउने रकम रु.१,१९० मासिक रुपमा जम्मा गर्न सक्नु हुन्छ ? ............................

---

दस्तावेज प्रमाणहरू:

१. नागरिकताको प्रमाणपत्र

२. अनुसूचि -२ अनुसारको निवेदन

३. सम्बन्धित वडाको सिफारिस

४. अनुसूचि-३ अनुसारको सर्जिमिन मुचुल्का

५. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी

६. कृषि सम्बन्धि कुनै तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी

७ . खेति गरिएको जमिनको लालपुर्जाको प्रतिलिपि / भाडामा भए जग्गा धनिसंग गरिएको सम्झौताको प्रतिलिपि

माथि पेश गरेका सम्पूर्ण विवरण साँचो हो, भविष्यमा झुटा ठहरिन गएमा कानुन बमोजिम सजाय भोग्न तयार छु।

नाम :

सम्पर्क नं :

दस्तखत :

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।

अनुसूची-४

## सर्जमिन मुचुल्का

प्यूठान न.पा. वडा नं......... मा स्थायी वसोवास गर्ने श्री ..............................................को नाति/नातिनी, ,............................................. को छोरा/छोरी वर्ष .........को श्री......................................................., प्यूठान न.पा वडा नं.............मा विगत ५ वर्षदेखि आफ्नो परिवारसहित कृषि पेशामा संलग्न रहेको र यस व्यक्तिले कुनै अन्य किसिमको रोजगारी वा व्यापार व्यवसायमा संलग्नता नराखी सम्पूर्ण जीवनयापन कृषि पेशाबाट गर्दै आएको छ भन्ने बारे हामी तपसिल बमोजिमका साक्षीहरू (छिमेकि) द्वारा सत्यतापूर्वक प्रमाणित गरिन्छ।

**तपशिल**

| क्र.स. | नाम | उमेर | दस्तखत | सम्पर्क |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**रोहवर**

वडा अध्यक्ष/ जनप्रतिनिधी श्री.........................................

**इति सम्वत्.................साल..................महिना................गते...........रोज शुभम् ।**

*- प्रथम संशोधनद्वारा सच्चाईएको ।